"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

# सरसफाई एवं शहरी सडक व्यवस्थापन कार्यविधि (संसोधनसहित), २०६४

## धनकुटा नगरपालिका कार्यालय
## धनकुटा

(मिति २०७३।९।२८ को पच्चिसौं नगरपरिषद्बाट स्वीकृत)

०७३।९।२८
कार्यकारी अधिकृत
उप सचिव

"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

# सरसफाई एवं शहरी सडक व्यवस्थापन कार्यविधि (संसोधनसहित), २०६४

विषय सूची | पेज नं.


१. परिभाषा : १

२. सामान एवं पसल व्यवसाय हटाउने प्रकृया : १

३. सामान फिर्ता एवं जरिवाना सम्बन्धी व्यवस्था: १

३. क थप जरिवाना तथा सोझै लिलाम बिक्री गर्ने : २

४. लिलाम बिक्री समिति : २

५. लिलाम सम्बन्धी कार्य विधि : २

६. सामानको विवरण सम्बन्धी व्यवस्था : २

७. टोली मार्फत नियन्त्रणमा लिएको सामानको विवरण खाता ३

अनुसूची - १

(कार्यविधिको बुंदा नं. २ संग सम्बन्धित)

८. टोली मार्फत नियन्त्रणमा लिएको सामान फिर्ता लिन आउने सूचना ३

अनुसूची- २

(कार्यविधिको बुंदा नं. २ संग सम्बन्धित)

९. सामान बुझिलिनेको विवरण ४

अनुसूची - ३

(कार्यविधिको बुंदा नं. ३ को उप बुंदा १ संग सम्बन्धित)

९. लिलाम बिक्रीको सूचना ४

अनुसूची - ४

(कार्यविधिको बुंदा नं. ५ को उपबुंदा क संग सम्बन्धित)


कार्यकारी अधिकृत

उप सचिव

"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर".

# धनकुटा नगरपालिका कार्यालय

## सरसफाई एवं शहरी सडक व्यवस्थापन कार्यविधि (संसोधनसहित), २०६४

(मिति २०७३।९।२८ को पच्चिसौं नगरपरिषद्बाट स्वीकृत)

धनकुटा नगरपालिका क्षेत्रको शहरी सडकमा सदैव सफा स्वच्छ वातावरण कायम गरी शहरी सुशासनको अनुभूति दिलाउन आवश्यक देखिएकोले स्थानीय स्वायत्त शासन नियमावली (संशोधन सहित), २०५६ को नियम २७६ को अधिकार प्रयोग गरी यो सरसफाई एवं शहरी सडक व्यवस्थापन कार्यविधि (संसोधनसहित), २०६४ स्वीकृत गरी लागु गरिएको छ।

१. परिभाषा :

(१) निर्माण सामाग्री : - घर, भवन, सडक, टेवा पर्खाल जस्ता संरचना निर्माणका लागि सडक क्षेत्रमा राखिएको ढुंगा, गिटी, बालुवा, रड, इटा, सिमेण्ट, काठ, टिन लगायतका निर्माण प्रयोजनका सामान।

(२) होडिङ बोर्ड : - शहरी सडकलाई अवरोध पु-याउने गरी एवं शहरी सौन्दर्यलाई असर पु-याउने गरी नगरपालिकाको स्वीकृत विना राखिएको सूचना, विज्ञापन सम्बन्धी बोर्ड।

(३) पसल तथा किनवेचका सामान : - पसल व्यवसायिले सडक क्षेत्रमा अवरोध पु-याउने एवं शहरी सौन्दर्यमा असर पु-याउने गरी राखिएका पसल व्यवसाय, स्टल आदि।

(४) अन्य सामान :- दाउरा, घाँस लगायतको सामान।

(५) टोली प्रमुख : नगरपालिका कार्यालयबाट खटाईएको कर्मचारी टोलीको प्रमुख व्यक्ति

२. सामान एवं पसल व्यवसाय हटाउने प्रकृया :

नगरापलिकाले कार्यालयवाट खटाईएको कार्यटोली मार्फत शहरी सडक क्षेत्रमा राखिएको निर्माण सामाग्री, पसल व्यवसाय, होडिङ बोर्ड लगायतका वस्तु नियन्त्रणमा लिई कार्यालयमा ल्याउने छ। नियन्त्रणमा लिएको सामानको विवरण अनुसूची - १ बमोजिमको खातामा अभिलेख राखिनेछ।यसरी नियन्त्रणमा लिएको वस्तुको विवरण तत्काल सोही व्यक्ति, संस्थाको जानकारीको लागि नियन्त्रण लिइएको स्थलमा नै वस्तुको किसिम / परिमाण/ नाप खुल्ने विवरण तयार गरी अनुसूची - २ बमोजिम सूचना सार्वजनिक गरिनेछ।

३. सामान फिर्ता एवं जरिवाना सम्बन्धी व्यवस्था:

(१) टोली मार्फत नियन्त्रणमा लिएको सामानको विवरणको आधारमा निम्नानुसार जंरिवाना लिई सामान एवं पसल धनीलाई अनुसूची - ३ बमोजिम सामान फिर्ता गरिनेछ।

(२) सामान नियन्त्रणमा लिएको तीन दिन भित्र सामान धनी बुझ्न आएमा निम्नानुसार जरिवाना लिई उपलब्ध गराईनेछ। तर साग सब्जी तथा फलफूल लगायतका कुहिने सामाग्री नियन्त्रणमा लिएको २४ घण्टा भित्र फिर्ता लैजानु पर्नेछ।

| | |
|---|---|
| (क) ढुंगा गिटी, बालुवा, इटा प्रति ट्याक्टर | रु. १०००।- |
| (ख) रड, टिन प्रति क्वीन्टल | रु. १०००।- |
| (ग) होर्डिङ बोर्ड प्रति गोटा | रु. १५०।- |
| (घ) पसलका सामान प्रति केजी (नुन, चामल, दाल, तरकारी आदि) | रु. १०।- का दरले |

(ङ) पसलका कपडा लगायतका अन्य सामानको कुल मुल्यको २०% ले हुन आउने दरले



कार्यकारी अधिकृत
उप सचिव

"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

**३.क थप जरिवाना तथा सोझै लिलाम विक्री गर्ने :**
एकपटक नियन्त्रणमा लिई जरिवाना गरी छुटाई लगेको सामान धनीले पुनः सडक क्षेत्रमा सामान राखेको पाइएमा नियन्त्रणमा लिई बुँदा नं. ३ मा उल्लेखित जरिवानाको दोब्बर जरिवाना दस्तुर बुझाई एक पटकको लागि सामान धनीले नियन्त्रणमा लिएको सामान छुटाई लैजान सक्नेछ । तेश्रोपटक समेत सडक क्षेत्रमा सामान राखेको पाईएमा सामान नियन्त्रणमा सोझै लिलाम बिक्री प्रकृया अवलम्वन गरी लिलाम विक्री गरिनेछ ।

**४.लिलाम विक्री समिति :**
नियन्त्रणमा लिएको तीन दिन भित्र सामान फिर्ता नलगेमा देहाय बमोजिम लिलाम विक्री समितिले चलन, चल्तीको आधारमा निर्धारण गरी ३ (तीन) दिनको म्याद राखी लिलाम विक्री गर्ने छ

| | | |
|---|---|---|
| संयोजक : | - | धनकुटा नगरपालिका कार्यालयका प्रशासकिय अधिकृत |
| सदस्य : | - | उद्योग वाणिज्य संघको प्रतिनिधि |
| सदस्य : | - | जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि |
| सदस्य | - | नगरपालिका राजश्व शाखा प्रमुख |
| सदस्य सचिव | - | नगर प्रहरी प्रमुख |

५. **लिलाम सम्बन्धी कार्य विधि :-**

(क) बुंदा ४ मा उल्लेखित उपसमितिले निर्धारण गरेको मुल्यको आधारमा सामानको विवरण/मूल्य एवं परिमाण खुलाई ३ (तीन) दिनको म्याद राखी अनुसूची ४ बमोजिम लिलाम वढावढको सूचना गरिनेछ । चाँडै विग्रिने (साग, तरकारी आदि) सामानहरु नियन्त्रणमा लिएको २४ घण्टा भित्रमा सामानधनीले बुझि नलगेमा समितिले निर्धारण गरेको मुल्यमा सोझै विक्री गरिनेछ ।

(ख) सूचना प्रकाशित भएको चौथो दिन लिलाम वढावढको लागि पर्न आएका आवेदन मध्ये सवै भन्दा वढीवालाको आवेदन स्वीकृत गरी लिलाम विक्री गरिनेछ ।

(ग) बुंदा नं. ५ (ख) अनुसार लिलाम विक्रीबाट प्राप्त रकमलाई नगरपालिकाको आन्तरिक आम्दानीमा आय जनाई खर्च गरिनेछ ।

(घ) बुंदा नं. ५(ख) बमोजिम लिलाम विक्री हुन नसकेमा निर्माण सामाग्रीको हकमा नगरपालिकाले निर्णय गरे अनुसारको निर्माण योजनामा प्रयोग गर्न सक्नेछ । त्यसै गरी पसल व्यवसायको सामानको हकमा कुनै पसललाई निर्धारित दरमा सोझै विक्री गरी आम्दानी जनाईन्छ ।

**६. सामानको विवरण सम्बन्धी व्यवस्था :**
सामान नियन्त्रण एवं लिलाम विक्रीसँग सम्वन्धीत अनुसूची देहाय बमोजिम रहनेछ ।

- टोली मार्फत नियन्त्रणमा लिएको सामानको विवरण खाता — अनुसूची - १
- टोली मार्फत नियन्त्रणमा लिएको सामान फिर्ता लिन आउने सूचना — अनुसुची - २
- सामान बुझिलिनेको विवरण — अनुसूची - ३
- लिलाम विक्रीको सूचना — अनुसूची - ४

कार्यकारी अधिकृत
उप सचिव

"धनकुटा नगर : स्वच्छ, सुन्दर समुन्नत शहर"

## अनुसूची - १

(कार्यविधिको बुंदा नं. २ संग सम्वन्धित)

## टोली मार्फत नियन्त्रणमा लिएको सामानको विवरण खाता

| क्र. स | मिति | सामानको नाम | परिमाण | पसल धनी/सामन धनी | ठेगाना स्थान | सम्पर्क नं. | समय | साक्षी | नियन्त्रणमा लिनेको नाम | सही |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

उल्लेखित सामानको विवरण सहित सानातिना एवम् मुल्यवान सामानलाई सुरक्षित साथ शिलबन्दी गरी राखिनेछ ।

## अनुसूची- २

(कार्यविधिको बुंदा नं. २ संग सम्वन्धित)

## टोली मार्फत नियन्त्रणमा लिएको सामान फिर्ता लिन आउने सूचना

धनकुटा नगरपालिकाको शहरी क्षेत्रको सडक सरसफाई एवम् सडक व्यवस्थापन गरी शहरी सुशासन कायम गर्ने उद्देश्यले नगरपालिकाबाट खटाईएको टोलीले ................................ सडक क्षेत्रमा राखिएको निर्माण सामाग्री/पसलका सामान मिति........................................ दिनको ...................... बजे ........................................ स्थानबाट देहाय बमोजिमको सामान नियन्त्रणमा लिएको हुंदा ३ (तीन) दिन भित्र तोकिएको जरिवाना दस्तुर बुझाई सामान छुटाई लैजान हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सामानका विवरण

| क्र. स | मिति | सामानको नाम | परिमाण | पसल/सामान धनी | ठेगाना | सामान बुझ्नु पर्ने स्थान र समय |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

*पुनश्च : चाँडै बिग्रिने सामानहरु (साग, तरकारी आदि) नियन्त्रणमा लिएको २४ घण्टा भित्रमा नगरपालिका कार्यालयमा सम्पर्क राखी बुझिलिनु पर्ने छ । अन्यथा समितिले निर्धारण गरेको मुल्यमा सोझै बिक्री गरिने छ ।*

टोली प्रमुख

कार्यकारी अधिकृत
उप सचिव

"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

## अनुसूची - ३

(कार्यविधिको बुँदा नं. ३ को उप बुँदा १ संग सम्वन्धित)

### सामान बुझिलिनेको विवरण

| क्र.स. | मिति | समय | सामान बुझिलिनेको नाम, थर | ठेगाना | सम्पर्क नं | सामानको नाम | परिमाण | जरिवाना दर | बुझिलिने को हस्ताक्षर | बुझाउने को हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची - ४

(कार्यविधिको बुँदा नं. ५ को उपबुँदा क संग सम्वन्धित)

### लिलाम विक्रीको सूचना

| क्र.स. | सामानको विवरण | परिमाण | मुल्य प्रति इकाई | जम्मा मुल्य | सूचना प्रकाशित मिति | लिलामको मिति/समय | स्थान | न्यूनतम १०% ले हुन आउने | सकार गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

कार्यकारी अधिकृत
उप सचिव